# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३९९ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **निर्यात प्रतीतपत्र प्रमाणित गरिदिने बारे ।**

महाशय,

निर्यात बिल कारोवार गर्ने बैंकले भंसार प्रयोजनको निमित्त जारी गर्ने निर्यात प्रतीतपत्र प्रमाणित गर्ने सम्बन्धमा निम्न वमोजिमको व्यवस्था गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(१) निर्यात प्रतीतपत्रप्राप्त गर्ने निर्यातकर्ताले उक्त प्रतीतपत्रबाट गर्ने निर्यात कारोवारको डकुमेन्ट नेगोसिएट (Documents Negotiate) गराउन अथवा कलेक्शन (Collection) मा पठाउन त्यस बैंकमा आउने भएमा मात्र भंसार प्रयोजनको निमित्त प्रतीतपत्र प्राप्त भएको प्रमाणपत्र जारी गरिदिने ।

(२) निकासीकर्ताले Documents Negotiate गराउन अथवा Collection मा पठाउन त्यस बैंकमा नआउने भएमा जुन बैंकमा कारोवार गर्न जाने हो सोही बैंकमा निर्यात प्रतीतपत्र एडभाइस (Advice) पठाइ दिने । साथै, उक्त कुराको अभिलेख (Record) त्यस बैंकमा राख्ने ।

(३) उपरोक्त वमोजिम अर्को बैंकबाट एडभाइस (Advice) भई प्राप्त भएको निर्यात प्रतीतपत्रबाट निकासीकर्ताले त्यस बैंकमा निर्यात विल कारोवार गर्ने भएमा मात्र भंसार प्रयोजनको निमित्त निर्यात प्रतीतपत्र प्राप्त भएको प्रमाणपत्र जारी गरिदिने ।

(४) भंसार प्रयोजनको निमित्त त्यस बैंकले जारी गरेको प्रमाणपत्रहरूबाट सामान निकासी गरेपछि निकासीकर्ताले त्यस बैंकमा निर्यात बिल पेश गर्न आए नआएको बारे नियमित अनुगमनको व्यवस्था मिलाउने ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा. परिपत्र संख्या- ३९९ प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. २

**.......... नाम**

दृष्य निर्यातबाट हुने परिवर्त्य विदेशी मुद्राको आम्दानी विवरण

(साप्ताहिक)

............ साल ................ महिना ............ गते

**नेपाल राष्ट्र बैंक**

**विदेशी विनिमय व्यवस्थापन विभाग ।**

| बैंकको रेफरेन्स नं | निर्यातकर्ताको नाम ठेगाना | प्रतीतपत्र/अग्रीम भुक्तानी वा अन्य उल्लेख गर्ने | निर्यात मिति | **निर्यात वस्तुको** | | **रकम** | | | एजेन्सी जम्मा मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नाम | परिमाण | विदेशी मुद्रा | वि.मु. रकम | सोको हुने रु. | |
| | | | | | | | | | |

**अधिकृतको दस्तखत**

**नाम**

**बैंकको छाप**



(इ.प्रा. परिपत्र संख्या- ३९९ प्रयोजनको लागि)

वि.वि.नि.फा.नं. १

**............ नाम**

निर्यात प्रतीतपत्र खोलेको विवरण

(साप्ताहिक)

............. साल ................. महिना ............. गते

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग ।

| निर्यात प्रतीतपत्र नं. | निर्यातकर्ताको नाम ठेगाना | **सामानको** | | **देश** | **प्रतीतपत्र रकम** | | | एजेन्सी बैंक |
|---|---|---|---|---|---|---|---|---|
| | | नाम | परिमाण | | विदेशी मुद्रा | रकम | सोको हुने रु. | |
| | | | | | | | | |

अधिकृतको दस्तखत
नाम
बैंकको छाप